**बैठक संख्या : २३४ मिति : २०७८/०५/१०, बिहीबार समय : विहान ११:०० बजे**

**निर्णय :**

समितिको आजको बैठकमा दार्चुला जिल्ला व्यास गाउँपालिका बस्ने जयसिंह धामीको मिति २०७८ साउन १५ गते तुइन तर्ने क्रममा महाकाली नदीमा बेपत्ता भएको घटना, निर्मला पन्तको बलात्कार एवं हत्या भएको घटना तथा कालाबजारी, रिलेबलिङ लगायत विविध विषयमाथि छलफल हुँदा नेपाल सरकार गृह मन्त्रालयलाई देहाय बमोजिमको निर्देशन दिने निर्णय भयो :-

१. दार्चुला जिल्ला व्यास गाँउपालिका वडा नं. २ बस्ने जयसिंह धामीको मिति २०७८ साउन १५ गते तुइन तर्ने क्रममा भएको घटना प्रकरणको सम्बन्धमा समितिको गम्भीर ध्यानाकर्षण भएको छ। सो घटनाका सम्बन्धमा सत्य तथ्यसहितको प्रतिवेदन यथाशीघ्र सार्वजनिक गर्ने, आवश्यक कुटनीतिक पहल गर्ने, पीडित परिवारलाई उचित राहतको व्यवस्था गर्ने,

२. व्यास क्षेत्रका स्थानीय बासिन्दाको सुरक्षा तथा आवतजावतको लागि आवश्यक पर्ने पुल, मोटरबाटो लगायतका स्थानीय पूर्वाधारहरु यथाशीघ्र निर्माण गर्ने, दार्चुलादेखि टिङ्करसम्मको सडक निर्माण कार्य यथाशीघ्र सम्पन्न गर्ने, तुइनलाई तत्काल विस्थापित गरी झोलुङ्गे एवं पक्की पुलको व्यवस्था गर्ने, ती क्षेत्रका बासिन्दाका लागि हाललाई खाद्यान्न र औषधिको आवश्यक व्यवस्था गरी जनजीवन सहज बनाउने,

३. कञ्चनपुर जिल्लाकी निर्मला पन्तको मिति २०७५ साल साउन १० गते बलात्कार गरी हत्या भएको घटना तीन वर्ष बितिसक्दा पनि हालसम्म उक्त घटनाको सत्यतथ्य बाहिर आउन नसक्नु दुःखद कुरा हो । तत्काल सत्यतथ्यका आधारमा उक्त घटनामा संलग्न अपराधीलाई यथाशीघ्र सार्वजनिक गरी हदैसम्मको कानुनी कारवाही गर्ने,

४. बालिका र महिलामाथि हुने हिंसा बलात्कार र हत्याका घटनाहरुलाई नियन्त्रण र अपराधीलाई समयमै कारवाही गर्न नसक्दा त्यस्ता मानवता विरोधी जघन्य अपराधका घटनाहरु बढ्दै गइरहेको सन्दर्भमा ती घटनाहरु तत्काल नियन्त्रण र अपराधीलाई हदैसम्मको कारवाही गर्न आवश्यक व्यवस्था मिलाउने,

५. चाडवाडका समयमा अत्यधिक उपयोग हुने दैनिक उपभोग्य सामाग्रीहरुको अस्वभाविक मूल्यवृद्धि, कालोबजारी तथा जनस्वास्थ्यलाई खेलवाड गर्ने मानवता विरोधी जघन्य अपराधको रुपमा रहेको गुणस्तरहीन खाद्य सामाग्री एवं म्याद सकिएका अखाद्य वस्तुहरु रिलेबलिङ्ग गरेर बिक्रि वितरण गर्ने लगायतका गैर कानुनी एवं आपराधिक कार्यहरु नियन्त्रण र नियमन गर्न

अन्य सरकारी निकायहरुसँगको समन्वयमा बजार अनुगमन गरी छानविनका क्रममा दोषी ठहरिएकाहरुलाई कडा भन्दा कडा कारवाही गर्ने, आवश्यकता अनुसार कानुन निर्माण गर्ने ।